# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६६) काठमाडौं, मंसिर १२ गते, २०७३ साल (अतिरिक्ताङ्क १४

## भाग ५

### निर्वाचन आयोगको

### सूचना १

### निर्वाचन आचार संहिता (पहिलो संशोधन), २०७३

प्रस्तावना : निर्वाचन आचार संहिता, २०७२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

निर्वाचन आयोग ऐन, २०६३ को दफा २८ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले यो आचार संहिता बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस आचार संहिताको नाम "निर्वाचन आचार संहिता (पहिलो संशोधन), २०७३ रहेको छ ।

(२) यो आचार संहिता तुरुन्त प्रारम्भ हुनेछ ।

२. निर्वाचन आचार संहिता, २०७२ को दफा २ मा संशोधन : निर्वाचन आचार संहिता, २०७२ (यसपछि "मूल आचार संहिता" भनिएको) को दफा २ को,-

१५०७

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) खण्ड (ख) मा रहेका “नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२८” भन्ने शब्दहरूको सट्टा “नेपालको संविधानको धारा २४५” भन्ने शब्दहरू राखिएका छन् ।

(२) खण्ड (ञ) रहेका “नेपालको अन्तरिम संविधान, २०६३ को धारा १४२” भन्ने शब्दहरूको सट्टा “नेपालको संविधानको धारा २७१” भन्ने शब्दहरू राखिएका छन् ।

३. <u>मूल आचार संहिताको दफा १७ मा संशोधन</u> : मूल आचार संहिताको दफा १७ को सट्टा देहायको दफा १७ राखिएको छ :-

“१७. <u>अनुगमन संयन्त्र</u> : (१) आयोगले निर्वाचन आचार संहिता कार्यान्वयनका लागि निर्वाचन आयोग ऐन, २०६३ को दफा २९ बमोजिमको अनुगमन संयन्त्र निर्माण गर्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्माण गरिएका अनुगमन संयन्त्रको काम, कर्तव्य र अधिकार आयोगले तोके बमोजिम हुनेछ ।”

४. <u>रूपान्तर</u> : मूल आचार संहिताको ठाउँ ठाउँमा रहेका “स्थानीय निकाय” भन्ने शब्दहरूको सट्टा “स्थानीय तह” भन्ने शब्दहरू राखी रूपान्तर गरिएको छ ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।